# गुरुङ बुद्धिजम

## भाग ६
## मृत्यु संस्कार तथा पितृकार्य (पए):

यो मृत्यु संस्कार तथा पितृकार्य (पए)को प्रस्तावित मसौदा इन्सपेक्टर धुर्ब बहादुर गुरुङ र प्रा. पुष्प बहादुर गुरुङले, झापा बेलबारी लक्ष्मीमार्ग गुम्बामा २०८० सालको जेष्ट १० गते “गुरुङ बुद्धिजम गुम्बा महासंघमा” प्रस्तुत गरेको “गुरुङ बौद्ध संस्कार”को कार्य-पत्रको सम्पादित अंश हो । यसमा भएका कमिकमजोरीहरुलाई बिद्धान पाठकहरुको सल्लह र सुझाव अनुसार परिमार्जन गरिने छ ।

## १. बिषय प्रवेश:

मानिसको मृत्यु कहिले काहाँ र कति बेला हुन्छ पुर्व अनुमान गर्न सकिन्न । त्यसार्थ बुद्धधर्मको सिद्धान्त अनुसार धर्मकर्म आफु स्वयंलेनै गर्नु पर्दछ। अरुले खाइदिएर आफ्नो पेट भरिदैन भने झैं छोरा छोरीले गरिदिएको पुण्य कार्यले केही मात्रामा मात्र सहयोग पुग्दछ। तर, आफुले गरे जस्तो हुँदैन । त्यसर्थ दान, धर्म, पुजा, पाठ, जप, तप तथा पुण्य कर्म स्वयं आफुले नै गर्नु पर्दछ ।

मृत्यु पश्चात मोक्षप्राप्त गरी सुखवती भुवन प्राप्तीको लागि जिवित छदा जतिसक्दो धेरै पन्चशीलमा आधारित पुण्य कर्म गर्नु पर्दछ । जुन कम्प्युटरमा लेखिएको कुराहरु हार्डडिस्कमा छाप्पिएर बसेझै हामीले जीवनभर गरेको कर्म (काम)को छाप हाम्रो मनकोकायमा अर्को जुनिको बिउ स्वरुप छाप्पिएर बसेको हुन्छ । तसर्थ दुस्कर्म देखि टाढा बसौ र सुकर्म गर्न तर्फ अघि बढौं भन्ने कामना गर्नु पर्दछ । यसै सन्दर्भमा मानिसको मृत्यु पश्चात शरीरबाट च्युत भएको चित्त निश्चित स्थानमा नपुगि यता र उता भौतारिरहेको हुन्छ । यस अवस्थालाई बौद्ध धर्मको मान्यता अनुसार शुन्यता वा अन्तराभव भनिन्छ । यो अवस्थामा यसरी निश्चित दिशा नलिई सकेको चित्तलाई सही बाटोमा मार्गदर्शन गर्न लामा गुरुहरुद्वारा अन्तराभवको पाठ पडाउनु वा सुनाउनु उत्तम हुनेछ ।

यहाँनेरा स्मरण गनुपर्ने कुरा के छ भने, गुरुङ जातिले जन्मदेखि मृत्यु पर्यन्त संस्कार नाचगान गरी मनाउने प्रचलन रहेको पाइन्छ । जस्तै छैटिमा रातभर नाचगान गरी जागराम बस्ने । पुटपुटेमा मावलिले नाच ल्याउने । बिबाह बर्तमानमा, लाहुरे छुट्टिमा आउंदा र चौरासी पूजा गर्दा समेत नाचगान गरी दान दिने चलन रहेको छ ।

त्यसै गरी मृत्यु संस्कारमा छ्याडु नाच्ने, स्यर्का गाउने नाच्ने चलन यथावतै छ । त्यसर्थ हिंसा नगरी संस्कार जोगाउन चाहने बर्गलाई बन्देज नगर्दा उत्तम हुनेछ । गुरुङ जातिको परम्परागत लामाहरुले अभ्यास गरिआएको चलन

चल्ति तथा बिधि बिधानलाई यथवत रहन दिइ सम्भव भएसम्म ति परम्परागत लामाहरुले पढने वेद वा धर्म पुस्तकहरुलाई राम्रोसंग सम्पादन गरी छपाइ दिन गुरुङ गुम्बा संघले पहल गर्नु पर्ने देखिन्छ ।

आ-आफ्नो गाउँ र ठाउँको चलन चल्तिलाई जस्ताको त्यस्तै राख्ने । तर बिसंगति चलनलाई सुधार गर्ने गर्नु पर्दछ । गुरुङ (तमू) जातिले जिबित छँदा जुनसुकै धर्मको अभ्यास गरेता पनि अन्त्येष्टिमा लामा धर्म गुरुहरूद्वारा ढ्याङ्ग्रो बजाइ गुरुङ संस्कार अनुसार कर्मकाण्ड गर्ने परम्परा सदियौंदेखि चलिआएको पाइन्छ ।

हिजो तिब्बतमा त्यहाँको बातावरण सुहाउँदो गरी गुरु पद्मसम्भवले बौद्ध धर्ममा बोन संस्कार मिश्रण गरी बिकास गरेको महायानी बज्रयानी लामा बौद्ध धर्मको प्रभाव नेपालको हिमाली क्षेत्रमा पर्न आएको पाइन्छ । गुरुङ समुदायले पनि यो तन्त्रमन्त्रमा आधारित महायानी र बज्रयानी बुद्ध धर्म मनाङ र मुस्ताङ देखिनै मान्दै आएको भएता पनि गुरुङको सांस्कृतिक सभ्यताको मुहान भनेर परिचित 'क्होलसोँथरमा' लम, प्हच्यु र क्हेब्रीबीच शास्त्रीय र सांस्कृतिक सहकार्यमा सहयोग आदान-प्रदान गरी बिकास भएको गुरुङ बौद्धधर्म लम गुरुहरुले गुरुङको कर्मकाण्ड तथा मृत्यु कार्यमा गुरुङको मौलिक संस्कारको जगमा पए अर्धुम गरिआए अनुसार गुरुङ समुदायमा बुद्ध धर्म जिवन्त राख्न सफल भएको मान्नु पर्दछ ।

यतिबेला विश्वका सारा जनजातिहरु पहिचानको लागि संघर्षरत छन् । तमू संस्कार जोगाउन पर्ने गुरुङहरुको जिम्मेवारी हो भन्नेमा दुइमत छैन । त्यसर्थ गुरुङको पहिचान मेटिन नदिन लम गुरुहरुले गर्ने पूजापाठ तथा कर्मकाण्डहरु समसामयिक र सुधारिएको हुन आवश्यक छ। साथै २१औं सताब्दीको युग सुहाउँदो, छोटो, मिठो र सजिलै अभ्यास गर्न सकिने संस्कारलाई प्रयोगमा ल्याउन आवश्यक छ, सबैको चाहना रहेको देखिन्छ ।

गुरुङ (तमू)हरूको मृत्यु संस्कारमा धर्मगुरु, मावली, छोरीज्वाइको, भाइछोराको अनिवार्य उपस्थिति हुनु पर्छ । उनीहरूले अपनाउने विशेष क्रिया (काम)को माध्यमबाट पितृमुक्ति कार्य सम्पन्न गरिने चलन छ। यही चलनलाई गुरुङ संस्कार भनिएको हो। यही संस्कार, संस्कृति र भाषा गुरुङको पहिचान बनेको छ । यसलाई जगेर्ना गरी भावी पुस्तालाई हस्तान्तरण गरी मार्गदर्शन गराउनु पर्ने २१औँ सताब्दीको आवश्यकता महसुस भएको छ। त्यसैले, लामा बौद्धमार्गी अर्थात बौद्धधर्मालम्बी गुरुङ (तमू)हरूको मृत्यु संस्कारमा समसामयिक सुधारिएको छिटो छरितो तथा कम खर्चिलो बनाउने प्रक्रियालाईनै 'गुरुङ बुद्धिजम' भनिएको हो । यसको भावलाई बुझ्ने प्रयास गर्नु होला । गाउँ र ठाउँ अनुसार केही कुराहरुमा फरक हुन स्वभाविक हो । तर, हामीले गर्नु पर्ने मौलिक संस्कारहरु निम्न अनुसार प्रस्ताव गरिएको छ ।

## २. फोवाको प्रकृया:

फोवा भनेको तान्त्रिक बिधिबाट शरिरको पवित्र स्थान तालुबाट प्राण (चित्तबिज्ञान) निस्काशन गर्ने प्रकृया हो । यो प्रकृया पुरा भए पछि मात्र दाह संस्कारको लागि तयार पार्न सकिन्छ। जव मानिस मृत घोषणा गरिन्छ। त्यसपछि सकभर शवलाई चलाउनु हुदैन । अर्थात बिशेष गरी जीव जन्तुले छुन नदिनु र रुने कराउने गर्नु हुदैन । शान्त बातवरणमा जति सक्दो छिट्टो मृतकको फोवा बिधि सम्पन्न गर्नु पर्दछ । लम वा लामा धर्मगुरु तत्कालै उपलब्ध हुन नसकेको अवस्थामा दक्ष गुरुबाट पनि फोनको माध्यमबाट वा टाढैबाट पनि ज्याङफोव गर्न सकिन्छ भन्ने मान्यात रहेको छ। गुरुङको मौलिक संस्कार अनुसार दाह संस्कार निम्न अनुसार गर्न सकिन्छ।

## ३. क्रशाको बिधि:

क्रशा भनेको शवलाई पवित्र गर्नु हो। छोरीले शवलाई ठि वा सुनपानीले शुद्ध गरी सुगन्धित तेल पाउडर आदिबाट शुद्ध पारी नयाँ लुगा वा चोखो वस्त्र पहिर्‍याई दिने । जिबित छँदा जान अन्जानमा तिम्रो काय, वाक र चित्तले गरेको पापहरु शोधन होस् भनी शुद्धिकरण गर्न काँचको बटुकामा राखेको तेल तीन पटक शिरमा लगाई क्रशा गर्ने। भुटेको धानको फूल (लयँ) छर्केर फूलसी गर्ने वा श्रद्धाञ्जली अर्पण गर्ने। ॐ मणि पद्मे हुँ।

## ४. त्हक्रको अर्थः

त्हक्र भनेको खलकको मुली (जेठो) ब्यात्त्कि हो । त्हक्रले कुलपितृ र स्थानीय देवी देवतालाई धुप धुवाँर गरी पितृको बाटो खुल्ला गरिदिन अनुरोध गर्ने । तिम्रो काय, वाक र चित्तले जीवित हुँदा गरे भएको पाप कटानी होस् भनी म्हने गरेको ठि वा सुनपानी शंखबाट मुखमा हालिदिएर शुद्धि गराउने ।

## ५. किर्यापुत्र वा पुत्रीको कर्त्तब्यः

छोराले अथवा छोरा नभए छोरीले धुप बत्ती बाली अमितभ बुद्धको अराधना गरी पितृ मोक्षको कामना गर्दै (टि्हक्वैं) कात्रो (तासकुचिन जस्ता शुद्ध वस्त्र) ओढाई दिने र शवलाई काँध दिने । शव यात्रा पूर्व छोराले चारै दिशामा बाँण हानि बटो खुल्ला गर्ने । कोरा प्रहार गरी बाधा अडचनको ढोका फोर्ने । यति न्यूनतम कार्य किर्यापुत्र वा पुत्रीको कर्तब्य हुन्छ ।

## ६. मावली (आस्योँ):

गुरुङहरुको मौलिक संस्कार अनुसार गरिने पितृकार्य (पए) वा दाह संस्कारमा (टि्हक्वैं) पछि मावलीबाट श्रद्धाञ्जलीको लागि आएको आस्योँप्युरी वा आस्योँक्वैं मावली लुगा, १ माना चामल, उन, कपास, १ रुपिया पैसा छाती वा सिरानीमा राखेर, मृत्युन्जय महामन्त्र (सिताङोँ)

पढने । यस समय ज्वाँईले स्पष्ट गरी फलाक्नु पर्दछ । म्होले नजानेको अवस्थामा उनको अनुमतिले अरुले पनि फलाक्न सकिन्छ ।

**यो क्रमू क्रेगी र आस्यौँ प्युरीको साथमा (फलना) ..... मावलीले तिम्रो लागि ल्याएको चोखो भात तिहुँन माछा मासु दूध दही घ्यू पानी मिठो मसिनो रोटी रक्सी फलफूल आदि भोक लाग्दा खानु । तिर्खा लाग्दा पिउनु । जाडो हुँदा ओड्नु । डरलाग्दा साथी गर्नु । थकाई लाग्दा बिसाउनु । अँध्यारो हुँदा उज्यालो गर्नु । यो अस्यौँप्युरीको पुण्यको प्रभावले मनले चिताएको पाउनु । आँखाले देखेको पाउनु । बाटो मुनी बाटो माथि नअल्मलिकन सरर सुखवति भुवन पितृलोक गएर आफ्नो मातृ पितृहरुसंग भ्याम्मिन जानु । तिम्रो कर्म फलले गर्दा, कदम कदाचित पितृलोक जाँदा कुनै बाधा अड्चन भएमा भूत, प्रेत, पशु, र पिशाच योनिमा जन्म लिन नजानु । यदि जन्म लिने तृष्णै भएमा आफ्नै कुलमा पुनः जन्म लिन आउनु आमा/आपा रिन्पोछे ।** भनेर फलाक्नु पर्छ ।

यो (सिताँङो) भनेको मृतकको आत्माले पितृलोक हुदै सुखवती भुवनसम्म पुग्नको लागि मार्ग दर्शन गराउने मृत्युञ्जय महामन्त्र हो । यसरी, फलाकेर पितृलाई पुनस्मरण गराउने यो बिधि गुरुङको मौलिक संस्कारमा आधारित परम्परागत चलन हो । यसरी फलाकिएन भने, मृतात्म पितृलोक पुग्दैन भन्ने जन बिश्वास रहेको छ । आज भोलिका नयाँ पुस्ताले यो (सिताँङो) फलाक्न पनि

जान्दैनन् । नयाँ शिक्षाबाट दीक्षान्त भएका लामागुरुहरुले पनि अभ्यास गराउदैनन् । त्यसैले यो महत्वपूर्ण मन्त्र लोपन्मुख अवस्थामा रहेको देखिन्छ ।

## ७. ज्वाइ (म्हो)को भूमिका:

ज्वाइको खास भूमिका चाहि व्यवस्थापन कार्यमा सहयोग गर्ने र (सिताँङो) फलाक्ने हो । शोकसन्तप्त परिवारजनको पहिचानका लागि अँगारको कालो टीका निधारमा लगाइदिने । घाटबाट फर्कने मलामीहरूलाई ठि वा सुनपानीद्वारा शुद्धि बनाइ काँडा नघाइ धुप सुँघ्ने व्यवस्था मिलाउने । शव दहन गरिसकेपछि (ह्री) अस्तु धातु ल्याइ सुरक्षित स्थानमा राख्ने । सिम्हिकैँइ वा (पए) अघौंमा लामालाई हस्तान्तर गर्ने ।

## ८. भाइखलक (त्हक्र):

त्हक्र भनेको भाइखलकको मूली मन्छे हो । भाइखलक र समाजले अलँ सहितको बाटो देखाउने सेतो (क्याँक्वेँए) (ल्हम तेन्) तयार पार्ने । अलँ भनेको शुन्यताको प्रतिक हो । यसले मृतक पुरुष हो वा स्त्री हो भन्ने जनाउ पनि दिन्छ । तसर्थ पुरुष भए भाङ्ग्रा र महिला भए क्रमू वा लुंगी अलँमा झुण्ड्याउनु पर्छ ।

## ९. शवयात्राः

शवयात्रामा धर्मगुरुद्वारा शास्त्र अनुसारको बिधि पुरा गरी सबभन्द पहिला खलकको जेठो ब्याक्ति (त्हक्र)ले अलँ बोकि अघि हिड्ने । कुनै कुनै गाउँतिर ज्वाइले बोक्ने र बाटो लुगा छोरीबेटीले बोक्ने पनि चलन छ । त्यसपछि बाटो लुगा, पुर्व तिरको चलन अनुसार मावलीले धजा बाँधिएको बाँस बोक्ने । त्यस्को पछि छोरी चेलीले धानको फुल (लाव) र पैसा छर्दै हिड्ने । त्यसपछि लाशलाई लामाले बाटो देखाउने लुगा (ल्हमतेन)ले शव तान्ने । शव पछाडि मलामी हिडने चलन रहेको छ ।

## १०. दाग बत्तीः

शवलाई घाटमा पुऱ्याएपछि चितालाई तीन पटक परिक्रमा गराई चितामा राखी यो आगोको रापले भेट्नेसम्मको जमीन चिहानको लागि किनेको छु भनी छोराले पाँच सुरमा पैसा चढाउने । आफ्नो पितृले जिउदो हुँदा, जानी नजानी गरेको बचन हिंसाबाट मुक्त होस भनी ठि वा म्हारक्यु सुनपानी मुखमा हाली दिने । छोरी चेलीले लावा, फूल, अक्षता चितामा चढाउँदै श्रद्धाञ्जली दिने ।

शवदहन (अन्त्यष्टी) गर्ने बेला आर्य अवलोकिते-श्वरको मणि मन्त्र 'ॐ मणी पद्मे हुँ' । १०८ वा २१ वा सातपटक बाचन गरी सुखवती भुवन प्राप्तीको कामना गर्ने । त्यसपछि एक मिनेट मौन धारण गर्ने ।

मृतकको शरीर, मन र बचनले जान अन्जानमा गरेको पाप शोधनका लागि प्रार्थना गर्ने । छोरा वा छोरी पञ्चाग्नी लिएर शवलाई ३ फेर परिक्रमा गरी अग्नि दान दिने । धर्मगुरुले अग्निदानको पाठ पढने । अग्नि प्रकृया समाप्त भए पछि अस्तु उठाउने । त्यसलाई सुरक्षित राख्ने । काजकृया गर्ने समयमा अस्तु पूजा गरेर सेलाउने ।

## ११. दाह संस्कारमा चाहिने सामग्रीहरुः

१. क्रशाको लागि एउटा चरेसको थाल र एउटा काँचको बटुको र अलिकति शुद्ध तोरीको तेल ।

२. लावा वा भुट्नाको लागि १ माना जति धान ।

३. छर्नको लागि खुत्रा पैसा, कुसुम र टटलाको फूल ।

४. सेतो कपडा ८ मिटर मृतकलाई ओढ्न ओछ्याउन (ठ्ही क्वेँए) ८ मिटर बाटो लुगा ।

५. लामाले बाटो देखाउने गरी जम्मा २१ मिटर ।

६. आगो दिन ५ रंगको सुतीको कपडा १, १ बित्ता निलो, हरियो, पहेंलो, सेतो र रातो कपडा ।

७. तास कुचिन वा पाठ वा पिताम्बर ।

८. फूल र फूलको माला ।

९. आठ आँखे वा आठ हाते बाँस अलँको लागि । अर्को ८ आँखे वा हाते बाँस खट् (घारो)को लागि । ८ वटा निंगाला वा बाँसको कप्टेरो बाटो लुगाको लागि ।

१०. ठाडो बत्ति १०८ वटा र त्यसमा राख्ने कपास ।

११. होमनको लागि, घ्यू, तेल, श्रीखण्ड, दुबो, बेलपत्ता, अमृसो, बरपिपल, हर्रोबर्रो, जौ, तील, केराउ, सर्स्यु, साङ्ग, धुप, पेपर प्लेट वा टपरी २५वटा आदि ।

१२. फलफूल, सगुन र दूध र एक बोतल रक्सी ।

१३. एक माना चामालको भात र मृतकलाई मन पर्ने खानापिना, उसैले प्रयोग गरेको भाँडोमा चढाउने ।

१४. चलनमा अरु पनि केही छन् भने, तयारी गर्ने ।

# १२. काजकृया गर्ने बिधिः

लामा बौद्धमार्गी गुरुङ (तमू)हरूले पितृको सम्मान र मोक्षको लागि सिङडुब ब्रत बसे जस्तै गरी तपसिल अनुसार किरिया बस्न सकिने प्रस्ताव अघि सारिएको छ ।

सकभर सबै नत्र कम्तिमा एकजना छोराले आस्यौं (मावली)बाट शरीरको सर्बोच्च स्थान टाउकोको कपाल खौरने र पित्री मोक्षको लागि बुद्ध भगवानलाई चढाउने । अन्य कपल खौरन नचाहने भाइ छोराहरुले थोरै टुप्पी काटि बाचा गर्ने । आस्यौँको अनुपस्थितिमा मावली नाता पर्ने वा कुटुम्बबाट समेत काम चलाउन सकिने । भगवान बुद्ध लगायत भिक्षुहरुले पनि आफ्नो पवित्र कपाल मुन्डन गरी धर्मको शरणमा जाने गर्दछन् ।

नुहाइ धुवाइ गरी शुद्ध बस्त्र लगाइ अष्टशील पालन गरी किरिया बस्ने । कलेजी रंगको पछ्यौरा पनि ओढ्न सकिने । किरिया न बस्ने छोरा छोरीहरुले कम्तिमा

पन्चशील पालन गरी ३ दिन ब्रम्हचार्य पालन गर्ने । चौथो दिन सिम्हिकैंइ मृतकलाई खाना चढाउने दिन चोखिन सकिने । गुरुङ समुदायले सुन र उनलाई पवित्र बस्तुको रुपमा स्वीकारेको हुँदा भुइमा राडी ओटछ्याइ सुत्न उत्तम हुने सुझाव रहेको छ ।

मध्यन्न १२ बजे अगावै एकछाक शुद्ध शाकाहारी भोजन ग्रहण गर्ने । अन्य समयमा तरल पदार्थ मात्र सेवन गर्ने । अस्वस्थ व्यक्तिले पन्चशीलको भावना पालन गर्ने ।

बुद्ध थाङका वा फोटोको मुनि पितृको फोटो राखेर साँझ, बिहना धुपबत्ती बाल्ने । पित्रीको सुखवती भुवन बासको लागि अमितभ बुद्धलाई प्रार्थना गर्ने । मणी मन्त्र र आमिदेवाह्वी र बज्र सत्वको मन्त्र जप्ने । चोखिने दिन धर्मगुरुलाई परिणामना गर्न अनुरोध गर्ने । मृतक पितृको नाम पुकारी सुर सहित चोखो खाना चढाउने र होमन गरिदिने ।

## १३. प्रस्तावित किरिया बस्ने बिधिः

यो संसार देखाउने र हात खुट्टा जोगाइ पालन पोषण गरी शिक्षा दिक्षा दिलाइ सफल बनाउनुको साथै मृत्यु पस्चात पनि धन सम्पति छाडेर जाने मात्री पित्रीको सम्मान गर्न र गुण तिर्नका लागि शास्त्रिय बिधि अनुसार पितृकार्य गर्नु पर्छ । त्यसो गर्न अनुकूल नभएमा छोटो, मिठो र सजिलो बिधिको अनुसरण गरी किरिया गरी

पित्रीपूजा गर्न सम्पूर्ण छोरा छोरीहरुमा गुरुङ बुद्धिजम हार्दिक अपिल गर्दछ ।

## १४. पिण्डदान (सिम्हिकैँइ):

चौथो दिनमा स्याग्सुम (सिम्हिकैँइ वा पितृलाई (सुर) भोजन दान दिने कार्यलाई पिण्डदान (सिम्हिकैँइ) भन्दछ । मिठो मसिनो परिकार मृतक पितृको नाम पुकारी म फलाना (नाम र नाता)............ले तपाइँलाई मिष्ठान्न भोजन चढाएको छु । ग्रहण गर्नुहोस् भनी आगोमा होमन गरिदिने । सम्भव भए दुइ जना लम, लामा, आनी, आचार्य, काल्याणमित्र, उपासक, उपासिका वा बिधिबिधान जान्ने बौद्धमार्गीहरूलाई निमन्त्रणा गरी मृतकलाई सम्झाइ बुझाइ गरी तिम्रो मृत्यु भैसकेको छ भनी जानकारी गराउने । यसैलाई पिण्डदान भनिन्छ ।

यसै समय १०८ बत्ती बाल्ने र पितृ मुक्तिका लागि प्रार्थना गर्ने । किरिया बस्दा लगाएको बस्त्र फेर्ने । यदि पहिलो साताको तिथिमा (पए) अर्घुम गर्ने भए, नफेर्दा पनि हुन्छ । नुहाई धुवाई गरी ठि वा सुनपानी खाई चोखिन सकिने छ । तर, पहिलो तिथिमा (पए) नगर्ने भए घर आँगनमा ठि वा सुनपानी छर्की शुद्ध गर्ने ।

आफु अनुकुल भए पहिलो हप्ताको तिथिमा (ज्याङपए) आर्घौं गर्न सकिने । अन्य तिथिहरुमा दुइ जना लामाले मृतकलाइ बर्दो सुनाउने र तेस्रो हप्तामा अर्घौं (ज्याङपए)

गर्ने । किनभने बर्दो अनुसार २१ दिनपछि मृतकको चित्त बिज्ञानले जिवित आफान्तजनहरु प्रति आशा त्यागि कर्मको फल अनुसार पुर्नजनमको मार्गको खोजिमा लाग्दछ भन्ने बिश्वास गरिन्छ। त्यसपछि सातौँ हप्तासम्म गुम्बामा बत्ती बाल्न सकिने । हरेक वर्षको तिथिमा बत्ती बालेर मोन्लम पाठ गर्न सकेमा उत्तम हुनेछ ।

बुद्ध भगवान भन्नु हुन्छ, जुन धरमा आमा बाबुको सेवा सत्कार र पूजा गरिन्छ त्याहाँ बुद्ध भगवानको शुभाशिष प्राप्त हुन्छ । ऐश्वर्यले पनि बास गर्ने छन् ।

## १५. सिम्हिकैँइ पूजाको लागि सामाग्रीहरुः

१. २ किलो उवाको पिठो (चम्पा) ।

२. सुरको लागि घिउ, दुध, दही, चिनी, मह, सख्खर

३. होमनको लागि दाउरा र मकल ।

४. एक माना चामालको भात र मृतकलाई मन पर्ने खाना पिना अण्डा बाहेक माछा मासु नचल्ने ।

गुरुङको अर्घुम (पए)मा भाइ खलक, छोरा, छोरी, ज्वाइ र मावलीहरुको अनिवार्य उपस्थिति हुन जरुरी छ । उनिहरुले गर्ने कृयानै तमू संस्कार हुन् । जतिसुकै दुन्छिक पूजा गरेता पनि गुरुङ (तमू) संस्कार अनुसार (पए) अर्धुम नगरेसम्म पित्रीकार्य सम्पन्न भएको मानिदैन । गुरुङ समुदायमा पशु बली चढाइ गरिने पित्रीकार्य र तमू संस्कार बेगर गरिएको पित्रले पित्रीमोक्ष नभइ, वायो बनेर

आफान्तलाई दु:ख दिइरहेको प्रसस्तै उदाहरण पाइन्छ ।

नुनले सरिरमा उत्तेजना ल्याउन सक्ने भएकोले बार्दा उत्तम हुन्छ । शोकसन्तप्त परिवार, नजिकका कुल तथा नाताले तीन छाक र अलि परकाले एक छाक शाकाहारी भोजन मात्र सेवन गरी शोक मनाउन सकिने छ । तर, बाबु आमा दुवै जिवित भएकाले बार्न नपर्ने । छोरा नभएको अवस्थामा छोरीले पनि माथिको क्रिया गर्न मिल्ने । तेस्रो साताको तिथिमा पए गर्न उपयुक्त दिन मानिन्छ । तर अनुकूल अनुसार ४९ दिनभित्र गर्न सकिने छ । अन्य साताहरुमा घर वा गुम्बामा सप्ताह पूजा गर्न सकिने छ । यसरी साप्तहिक रुपमा पूजा गर्दा, धर्मगुरुहरु अनिवार्य हुनै पर्छ भन्ने मान्यत छैन । घरको मूलीले गर्न सकिन्छ ।

## १६. अष्टशीलको पालना:

१. प्राणी हत्या नगर्ने ।

२. चोरी नगर्ने ।

३. ब्यभिचार नगर्ने ।

४. झुटो ब्यबहार नगर्ने ।

५. मादक पदार्थ र सुर्तीजन्य पदार्थ सेवन नगर्ने ।

६. पशुको छाला माथि र बिलासित आसनमा नबस्ने ।

७. मध्यान्न पश्चात भोजन ग्रहण नगर्ने ।

८. अत्याधूनिक शुखसुबिधाको उपभाग नगर्ने ।

## १७. शून्यता वा अन्तराभव के हो ?

बुद्धको उपदेश र दर्शन भनेको बास्तविकतामा आधारित यथार्थ सत्यलाई जस्ताको त्यस्तै हेर्ने र देख्ने धर्म हो । जस्तै बिश्वका जुनसुकै स्थानमा पनि खुर्सानीको स्वाद पिरो, आगोको ताप तातो र चिनिको स्वाद गुलियो हुन्छ भने जस्तै जीव जन्तु र मानिसको जन्म मृत्युको प्रकृया र प्राकृतिक नियम संसारभर एउटै हुन्छ । यो कुरा घाम जस्तै सत्य छ । यसरी बिज्ञान सापेक्ष धर्म भएको हुनाले हाम्रो चित्त सम्बन्धि बिष्लेषण पनि बौद्धधर्ममा यसरीनै बिज्ञानसम्मत गरिएको पाइन्छ । स्थुल शरीरवाट च्युत प्रस्थान गरिसकेको चित्त र अर्को स्थान प्राप्त गरिनसकेको चित्तको अवस्थालाई अन्तराभव वा शून्यता अर्थात भोट भाषामा बर्दो (भार्दो) भनिन्छ । यस्तो अन्तराभव मृत्यु र पुनर्जन्मबीचको अवस्था भन्नु एक ठाँउबाट निस्केर गन्तव्यमा पुगी नसकेको अवस्था हो ।

मृत्युपछिको अन्तराभव वा शून्यता (बर्दो) भनेको बढीमा ४९ दिनसम्म रहन्छ । तर, त्यही अवधिभित्र पनि अत्यन्त पुण्यवान वा महापापीहरु तुरुन्तै निर्वान वा नरक पनि जान सक्दछ । यसवेला साधारण गृहस्थीहरुको चित्तबिज्ञा-नले अन्तराभवमा दर्शन हुने ४२ शान्त र ५८ क्रोधि देवगणको पहिचान गरी शरणगमन हुन सके ४९ दिनभित्रको कुनै पनि समयमा मोक्षप्राप्त गरी सुखवती भुवनको बास पाउन सक्ने संभावना रहन्छ । बाटो

बिराएमा नरक पनि पुग्न सक्दछ ।

यथार्तमा भन्नु पर्दा, बार्दोथोडल भनेको सुनेर मात्रले पनि मुक्ति हुने धर्म हो । मनुष्यको मृत्यु कालदेखि पुनर्जन्म प्राप्त गर्ने समयसम्म शून्यता वा अन्तराभवको डर, त्रासमा, भौतारिरहेको चित्त बिज्ञानको लागि कल्याणकारी उपदेशहरु सुनाउने बिधि हो । त्यसर्थ, मृतकलाई लम, लामा, आनी, आचार्य, कल्याणमित्र, उपासक, उपासिका वा जानकार बौद्धमार्गीहरुद्वारा थोडल सुनाउन अति आवश्यक हुन्छ ।

मानिसहरु सबै बुद्धकै सन्तानहरु हुन् । तिनको गन्तव्य भनेको बुद्धत्व प्राप्तिनै हो । हामी शून्यताबाट पैदा भएको प्राणीहरु शून्यतामै बिलिन हुन्छ । तर, यो अस्थाई मनुष्य चोलामा हामीले गरेको कुशल र अकुशल कर्मको फल अर्को जुनिमा भोग्न पर्ने हुँदा, बर्दो वा भार्दोको समय अवधिमा दर्शन हुने देवगणहरुसंग सही तरिकाले प्रार्थना गर्न सके बार्दोको पुरा समयावधि पार गर्नु पर्ने हुँदैन ।

मृत्यु पश्चात चित्तबिज्ञान ३ दिन ३ रातसम्म अचेत अवस्थामा रहन्छ भनिएको छ । चौथो दिन सपनाबाट ब्युझे सरह ब्युझिन्छ । आफ्नो शरीरको खोजी गर्दछ । आफु सुत्ने ओछ्यान र बस्ने ठाउँ खोज्दछ । नभेट्टाए पछि अलाप बिलाप गरी जिवित मानिसहरुलाई सोधिरहेको हुन्छ । तर, जिवित व्यक्तिले मृतकको आवाज सुन्न सक्दैन । देख्न पनि सक्दैन । यो अवस्थाले उनलाई एकदमै बिरक्त पार्दछ । त्यसैले, त्यो चित्तबिज्ञानलाई सम्झाउन पर्दछ ।

**हे कुलपुत्र वा कुलपुत्री तिमी (फलना) ............... यतिबेला तिम्रो भौतिक शरीर नभै मनकोकाय मात्र रहेको हुँदा, तिमीलाई हामीले देख्न सक्दैन। तिमीले भनेको पनि हामीले सुन्न सक्दैन। तिमीले मुखबाट खाना सक्दैन। यो सुरको बासना लिएर संतुष्ट हुनु। तिमीले आकाशमा चन्द्र सुर्य देख्न सक्दैन। ऐनामा तिम्रो अनुहार देख्न सक्दैन। भुइमा आफ्नो पाइतालाको छाप देख्न सक्दैन। आफ्नो छायाँ पनि देख्न सक्दैन। यतिबेला तिम्रो मनकोकाय मात्र भएको हुँदा, कोही कसैले पनि तिमीलाई हानी पुऱ्याउन सक्दैन। त्यसर्थ, शून्यता बर्दो वा भार्दोको अन्तराभवमा देखिने भेट्ने शान्ति र क्रोधि देवगणहरुसंग नडराइकन शरण परी सुखवती भुवनमा पुऱ्याइ दिनहोस् भनी प्रार्थना गर्नु पर्दछ। ठुलो आवाज, हावा हुरी, भीर पहरा आदिबाट पनि बिचलित हुनुहुँदैन** । धर्म गुरुको उपस्थिति हुन नसकेको अवस्थामा वा प्रवासको अवस्थामा शून्यताको भावना बुझेका बौद्धमार्गीहरुले पाना १७मा बोल्ट गरेको वाक्यलाई राम्रोसंग पढेर सुनाउन सकेमा पनि मृतकलाई राहत हुन सक्दछ।

## १८. काजकृया र यसको महत्वः

पितृमोक्षका लागि गरिने क्रिया कामलाई किरिया बस्ने भन्ने प्रचलन रहेको छ। गुरुङ समुदायले गर्ने पितृ कार्यलाई यसरी हेर्न सकिन्छ। दिवंगत पितृको सम्मान

तथा पितृ मुक्तिका लागि चोखो निष्ठो भएर किरिया अथवा धार्मिक कार्य गर्ने । जसरी बौद्धमार्गी बन्न टप्चे गरी बुद्ध, धर्म र संघको शरण गमन गर्दछन् । त्यसैगरी गुरुङको पितृमोक्षका लागि पुण्य कार्यको सुरुवात गर्न मावली आस्योँबाट केश मुण्डन गरी, नुहाइ, धुवाइ, शुद्ध वस्त्र पहिरिएर ब्रम्हचर्या पालन गर्नु । घरपरिवारसँग अलग एकान्तमा बसी बुद्ध भगवानले देखाउनु भएको मध्यमार्गी दर्शन अनुसार एक छाक शुद्ध शाकाहारी भोजन सेवन गरी ३ वा ७ दिनसम्म अष्टशील पालन गरी चोखो निष्ठो भई मणि मन्त्र जप गर्ने । बौद्ध संस्कार कर्ममा १३ दिनसंग कहि कतै सम्बन्ध रहेको मानिदैन । यो हिन्दु काजकृयाको प्रभाव हो भन्न सकिन्छ । यतिवेला पितृमुक्तिका लागि अमितभ बुद्ध भगवानको प्रार्थना गर्ने । वहाँको मन्त्रोच्चारण **ॐ अमि देवा ह्री** जप गर्ने । दोस्रो हप्ताको तिथिमा समापन हुने गरी अर्घौं (पए) दान पुण्य गरी पितृकार्य सम्पन्न गर्ने पुरानो चलन अनुसार सान्दर्भिक देखिन्छ । यस बिधिलाई कृया तन्त्रको रुपमा पनि लिन सकिन्छ ।

अहिलेको बढदो शहरीकरण र व्यस्त समयलाई उपयुक्त हुने गरी समय सापेक्ष तीन दिन अष्टशील पालन गरी किरिया बस्ने । चौथो दिनमा स्यागसुम पूजा (सिम्हि कैँइ) (छ ट्होंब) अर्थात पितृलाई मृत्यु भएको जानकारी लगायत भोजन (सुर) दान दिने । स्वस्ति बाचन गरी ठि वा सुन पानी खाने र घर आँगनमा छर्कने कार्य गरी चोखिने । पहिलो तिथिमै पितृकार्य महापूजा आर्घौं (पए)

गर्ने निधो भए सातै दिन पनि बस्न सकिने छ। पितृकार्य महापूजा आर्घौं (पए) पहिलो साता देखि ४९ दिन भित्र गर्दा, धर्म शास्त्र अनुसार उचित हुन्छ। त्यस मध्य तेस्रो साताको तिथि बार्दो थोडल अनुसार महत्वपूर्ण मनिन्छ। बाँकिका तिथिहरुमा एकजना लामा गुरुद्वारा थोडल सुनाइ बत्ति बाल्न र सुर दान गर्न सकिने।

यस प्रकारको क्रिया (काम)ले धर्मकर्म गर्ने सुरुवाती पनि हुन सक्छ। यदि धर्म गुरुहरूले उक्त घरपरिवारलाई राम्रो धर्म देशना गरी शिक्षा दिन सक्ने हो भने। जसरी बच्चा जन्मेपछि मात्र त्यो दम्पती आमाबाबु बन्दछन्। त्यसरी नै बाबु वा आमाको मृत्यु पश्चात धर्म कार्यमा मन लगाउने सुरुवात पनि हुन सक्दछ भन्ने पनि मनन गर्न सकिन्छ। यस प्रकारको कृयाले बुद्ध धर्ममा बाधा पारेको मानिदैन।

## १९. पित्रीकार्य (पए) अर्घौंको अवधारणाः

गरुङको (प्यताँ ल्हुताँ) श्रुतिवेदमा भनिए अनुसार कार्गली क्ह्याल‌को छोराको मृत्यु आफैले सृजना गरेको चन्द्र सूर्यको प्रचन्ड तापको कारण मृत्यु भएपछि बै ङै पए लमिदो (बाउ मेरो अर्घुम गरिदिनु) भन्ने आकश बाणि सुनेपछि सुरु गरिएको पए, कार्गली क्ह्यालकै श्राप लागि राहुल भन्ने दैंत्यले धाम निलिदिएको हुँदा, उज्यालो हुन नसकि १२ दिनसम्म लगातार पूजा गरी १३ दिनमा रानि

चरिको प्रतिक बनाइ नचाउदा, दैंत्य हाँस्यो । त्यस बखत एक एकवटा धाम र जुन दैंत्यको मुखबाट फुत्किएकोले दिन भै पए अर्घुम बिसर्जन गरिएको सब भन्दा पहिलो पए अर्घुमको कथा पेमा पाइन्छ, जस्लाइ ह्नो (पए) भनियो ।

उहिले पलँहुरु क्ह्याल चाँ (पुल) तर्दा, पुल भाँच्चिएर नदीमा डुबेर मृत्यु भयो । त्हुर्जुकुए म्हो (ज्वाइ)ले हड्डी भेट्टाए पछि बाजा गाजा सहित शुद्धि पूजा गरियो । जस्लाई ह्नी (पए) हड्डी)को अर्घुम भनियो ।

पुतुवै क्ह्यालको दुवै छोरा छोरीको मृत्यु भएपछि बिरक्त भइ जंगल तिर धुम्न जाँदा, ओडारमा बास बसेको थियो । राती अचानक पहिरो आइ ओडार पुरी दुबै श्रीमान श्रीमतीको मृत्यु भयो । पछि खोज्न जाँदा, उनिहरुको जिउमा रुख बिरुवाहरु उम्रेको देखे पछि त्यही झारपात उखेलेर ल्याइ मुर्ती बनाइ गरिएको पए अर्घुमलाइ (प्लपए) भनियो । क्होलसोँथरका घले राजाको मन्त्रि ल्येम क्ह्रोँ (ल्येम्को)ले कर उठाउने क्रममा आफ्नै मामा ससुराबाट कर उठाउन नसक्द राजाको हुकुम अनुसार मामाको जिब्रो र माइजुको स्तन काट्ने आदेस दिंदा, मामा माइजुले दिएकोले त्यही श्रापबाट ल्येम्कोको छिटै मृत्यु भयो । आस्योँ क्वैँए बेगर स्योली पच्युद्वारा गरिएको (पए) अर्घुमबाट ल्येम्कोको आत्माले मुक्ति पाउन नसकि पुनः ख्ल्याप्रि र पच्युले आस्योँ टालो राखि माथिका तिनै प्रकारको (पए) मिसाइ ३ राते अर्घुम गरेपछि लेम्कोको आत्मा स्वर्ग तऱ्यो भन्ने कथा तमू पेमा पाइन्छ ।

यस पुस्तकमा उल्लेख गरिएको लामा मात्र प्रयोग गरी गरिने पित्रीकार्य ज्याङपरलाई (पए) अर्घुमको स्वरुप दिन तमू संस्कार समेत प्रयोग गरी एक दिवसिय पित्रीकार्य सम्पन्न गर्ने गराउने प्रस्तावित प्रयास हो ।

## २०. अर्घौं (पए)को प्रकार:

सामान्यतय (पए) तिन किसिमको रहेको छ । जसमा निम्नानुसार प्रस्तुत गरिएका छन् ।

### १. **परम्परागत शैली अनुसार संस्कार मिसाएर गर्ने पए (अर्घौं) बिधि:**

(क) अलँ बनाई (पए) अर्थात अर्घौंको सुरुवात गरिन्छ ।

(ख) प्ल (प्ल्ह) बनाई मृतकले प्रयोग गरेको लुगा गरगहनाद्वारा छोरी चेलीहरुले प्ल सजाइन्छ ।

(ग) ह्री (अस्तु) तेब (देखाउने) अर्थात बाजा गाजासहित लामा नाच्दै अस्तुको स्वागत गर्ने । म्हो ज्वाइको हातबाट अस्तु खोस्ने ।

(घ) आफन्तजनहरुले प्ल (प्ल्ह)लाई कोरा गर्दै (घुम्दै)फूल अक्षेता लावाद्वारा पितृलाई स्वागत गर्ने ।

(ङ) प्ल (प्ल्ह) ट्होंब (खान पिन चढाउने) ।

(च) नातागोता इष्टमित्राहरुले प्ल (प्ल्ह)को सम्मुख १०८ बत्ति बाल्ने ।

(छ) लामाले प्ल (प्ल्ह)लाई बर्दो (भर्दो) सुनाउने ।

(ज) लामाले प्ल (प्ल्ह)लाई आफ्नो जग्यमा लगि झिकुसि गर्ने वा सातो बोलाउने ।

(झ) नातागोताले ल्याएको खाना ज्वाइ मार्फत ट्होंकैंइ दिने चढाउने । यतिबेला परिवारको सबभन्दा कान्छो सदस्यदेखि बृद्धसम्मको नाम र नातासहितको व्यक्तिले तपाइँलाई चढाएको खाना भनी पुकारिन्छ ।

(ञ) अर्घुम (पए) सेलाउने अलँमा झुन्ड्याएको आस्योँले चढाएको पुङ लामाले अर्घुम गरेको घरतिर फर्की पछाडि फाल्ने । पुङ्को मुख जता फर्क्यो पितृ त्यतै गयो भनी जोखाना हेर्ने परम्परागत चलन पनि रहेको छ ।

## २. बार्दो थोडल अनुसारको दुन्छिक ज्याङपर (पए) एक राते अर्घुमः

(क) कर्ताले बत्ती बालेर (पए) अर्घुमको सुरुवात गर्ने ।

(ख) प्ल (प्ल्ह)को सट्ट मृतकको फोटो राख्ने ।

(ग) ह्री (अस्तु) फोटोको पछाडी राख्ने ।

(घ) सुरसंग खाना चढाई होमन गर्ने ।

(ङ) नातागोता इष्टमित्रहरुले १०८ बत्ति बाल्ने ।

(च) छोरा छोरीले मृतकको नाम लेखिएको ज्याङ बोकी मृतकको पाप कटनीको लागी छ्याग् (ढोग) गर्ने ।

(छ) पितृ मुक्तिको लागी मोन्लम प्रार्थना गर्ने ।

(ज) ज्याङपर (नाम पोलि) अर्घुम सेलाउने ।

(झ) कपाल खौरन नपर्ने, किरिया बस्न नपर्ने संस्कार अपनाउन नपर्ने आदि ।

कर्मको फल र प्रतित्यसमुदपादमा आस्था राख्ने लामा बुद्ध धर्म अभ्यास गर्न महंगो बनाइएको कारण धेरै जसो लामा बुद्ध धर्म मार्गि समुदायहरु बुद्ध धर्म छाडेर अन्य धर्म तर्फ आकार्षक भएको यथार्थलाई नकार्न सकिन्न । किनभने गुम्बा छिर्ने बित्तिकै फलफुल र मन्डलम पैसा, लामालाई खादा र लिफा चढाउने संस्कारले आर्थिक स्थिति कमजोर भएका बुद्धिष्टहरु गुम्बा छिर्न चाहदैनन् । त्यस्तै पित्रीकार्य पनि उत्तिकै खर्चालु भएको हुँदा, कि थेरबाद बुद्धिष्ट कि क्रिष्चियन बन्नुको बिकल्प देखिदैन । त्यसार्थ गुरुङ बुद्धिजमका अभियान्ताहरुले तपसिल अनुसारको एक दिवसिय पित्रीकार्य (पए) प्रस्ताव गरेको छ ।

# २१. प्रस्तावित समय सापेक्षित छिटो, छरितो र कम खर्चिलो एक दिने पित्रीकार्य ज्याङपर (पए) अर्घुमः

१. मृतात्माले आफु जीवित छँदा प्रयोग गरेको लुगा र गरगहना सजिलै चिन्दछ । त्यहाँ उसको सातो प्ल्ह पनि छिट्टो आउन सक्दछ भन्ने मान्यता अनुसार गाग्री वा अन्य सामग्रीमा मृतकको प्रतिक प्ल (प्ल्ह) बनाई फोटोसहित मृतकले प्रयोग गरेको लुगा र गरगहना आदिद्वारा ज्वाइ तथा छोरीचेलीले प्ल सजाउने ।

२. ज्वाइले अस्तु (ह्री) ल्याएर लामालाई हस्तान्तरण गर्ने । लामाले बिधि अनुसार तयार पारेको ज्याङसहित ह्री अस्तुलाई प्लमा राख्ने ।

३. ज्वाइले कर्ता लगायत जुठो कांठो लाग्ने कुल कुटुम्बालाई पहिचान स्वरुप अंगारको कालो टिका लगाइ दिने । जुन अर्घुम सेलाए पछि धुने वा पुछ्ने ।

४. चरेसको थालमा लावा र काँचको बटुकोमा तेल राखेर छोरीचेलीले ऋशा गर्ने गराउने, अर्थात शुद्धिकरण गर्ने । ऋशा गरिएको थाल बटुकोमा माइतीले खाना नहुने मान्यता रहेका छ ।

५. आस्योँले आस्योँ प्युरीको साथमा म (फलना) ........... मावलीले तिम्रो लागि ल्याएको चोखो भात तिहुन दूध दही घ्यू पानी मिठो मसिनो रोटी फलफूल आदि भोक लाग्दा खानु । तिर्खा लाग्दा पिउनु । जाडो हुँदा ओढ्नु । डरलाग्दा साथी गर्नु । थकाई लाग्दा बिसाउनु । अँध्यारो हुँदा उज्यालो गर्नु । यो आस्योँप्यूरीको पुण्यको प्रभावले तिमीले चिताएको पाउनु । देखेको पाउनु । कहींकतै नअलमलिईकन अमितभ बुद्ध क्षेत्र सुखवती भुवनमा पुगेर आफ्नो मातृपितृहरु तथा त्यहाँका देवगणहरूसँग मिलिजुली बस्नु । आमा वा बाबा रिन्पोचे भनी चढाउनु पर्छ ।

६. भाइखलकको जेठो व्यक्ति (त्हक्र)ले कुलपितृ तथा स्थानीय देवी देवतालाई धुप धुँवार गरी दौथर पढ्ने । यो दौथर भनेको पितृहरुको नामावली हो । पढिसके पछि अन्तमा मृतकको नाम चढाउने ।

७. छोराले जग्यमा र छोरीले पित्री मुर्ति (प्ल)मा बत्ती बाली बुद्धम् शरणम् गच्छामि गरी धर्मगुरुलाई पितृमुक्ति पूजा बिधि अघि बढाउन अनुरोध गर्ने । उर्पयुक्त बिधि ज्याङपर जलाउने वा स्थानन्तर गर्ने समय अगावै गर्दा, सान्दर्भिक हुनेछ ।

८. श्रद्धाञ्जलीको लागि उपस्थित सम्पूर्ण कुल कुटुम्बा, नातागोता मानुभावहरुले फुल प्रशाद खदा चढाउने । क्रमू फेटा र पैसाको माला चढाउन निरुत्साहित गर्ने । यो दुखद अवस्थाको पितृकार्यमा तडक, भडक उपयुक्त हुदैन ।

९. धर्मगुरुको निर्देशन अनुसार बत्ती बाल्ने ।

१०. सुर दान (ट्होंकँई) पितृलाई मनपर्ने मिठो मसिनो भोजन आफु जिवित हुँदा प्रयोग गरेको भाँडामा भाइखलक, छोरीबेटी, माइती, मावलीले चढाउने जसलाई टहोंब कैंइ (ट्होंकैंइ) भनिन्छ । सुर दिने बेला ज्वाईले सबै सम्बन्धित परिवारको कान्छो व्यक्तिको नामबाट सुरु गरी बृद्धसम्मको नाम र नाता पुकारी ट्होंकैंइ दिने । अर्थात्

मृतकलाई अन्तिम भोजन चढाउने । पितृकार्यको सबै क्रियाकलाप आस्यौँ मावलीले समापन गर्ने ।

११. ज्याङपर जलाई पितृकार्य सम्पन्न भए पश्चात आस्यों मावलीले भान्जाको अलिकति कपाल खौरी चोखो गराई टोपी ओडाइ दहि चामालको टिका र रुपा लगाइ सुनपानी छर्किं शुद्धि गर्ने । छोरी बुहारीलाई क्रमू, रुपा, पछ्यौरा ओढाइ रोटी, तरकारी आदि खाना दिइ चोख्याउने । यतिबेला एक जना धर्मगुरुले मङ्गल बाचन गरी ठि पानी खुवाइ शुद्धि गरिदिने ।

अन्तमा कुलकुटुम्बहरूबाट काँचो धागोको रीपाले स्याईस्याई गरी हौसला प्रदान गर्ने । अन्तमा, कर्ताले पितृको नाममा दान दक्षिणा गरी समापन गर्ने ।
नोटः अलँ बनाउन चाहने भाइमुलिले आस्योंको सोनाच्यु राखि बनाउन सकिने । उक्त कार्यमा लामा गुरुको कुनै भुमिका नरहने । साथै समाजबाट स्यर्क नाच नचाउन चाहेमा बन्देज नगर्ने । यसले हाम्रो सामाजिक पहिचानको प्रतिनिधित्व गर्नेछ ।

## १२. केही सुझावहरुः

१. बिहना सुरु गरी साँझसम्ममा समापन गर्ने गरी एक दिवसीय पितृकार्य अर्घुम सम्पन्न गर्ने परिपाटी बसाउने ।

२. पितृकार्यमा खर्चिलो र भड्किलो व्यवहार एवम् मिथ्याचार नगर्न नगराउन जोड दिने ।

३. कपडाको सट्टा साधारण खादा प्रयोग गर्ने ।

४. आस्यौं मावलीले टोपी र मुजेत्रो क्रमु र काँचो धागोको रीपा र दही चामलको टीकाले मात्र चोख्याउने । समजोर लुगा फाट दिने चलन हटाउने ।

५. हाम्रो समुदायमा आमा बाबुको देहान्त पश्चात पैतृक सम्पत्तिको बाँडफाँड र पितृकार्यको खर्च सम्बन्धि बाद बिबाद उत्पन्न गरेको पाइन्छ । यस्तो खालका क्रियाकलापहरू ४९ दिनभित्र नगर्दा उत्तम हुन्छ ।

६. अबका दिनमा ज्वाइ तथा बुहारी गैरगुरुङ पनि हुन सक्दछन् । त्यस्ता नातेदारलाई पनि पितृकार्यमा सहभागी गराई तमू संस्कार अपनाउन प्रोत्साहन गर्ने गराउने । यसबाट भावि सन्ततिमा तमू संस्कार हस्तान्तर हुने आपेक्षा गर्न सकिन्छ ।

## २२. मावली, चेली र माइतीको सम्बन्धः

क्होलका राजा (म्रू) क्ह्यल्बुरुजु क्ल्हे (घले)को मन्त्री ल्येम क्ह्रौं (ल्येम्को) काजी चिमिउइडुको भानिज तथा

ज्वाइ थिए । उनले उचलाई निच र निचलाई उच बनाई सबैलाई समान न्याय दिने नीति लिएका थिए । कर संकलन गर्ने क्रममा मामा ससुरा घले राजाको क्षेत्रभन्दा बाहिर बसोबास गरेको हुँदा कर तिर्न मानेनन् । सो कुरा अन्य जनताले थाहा पाई धले राजालाई उजुर गरेको कारण राजाले मन्त्री लेम्कोसंग स्पष्टिकरण मागी कर उठाउन आदेश दिए । नमाने मामाको जिब्रो र माइजुको थुन काटेर ल्याउनु भन्ने हुकुम भयो । राजाको हुकुम मान्ने क्रममा मामा माइज्यूलाई करकाप गर्दा, मामा माइज्यूले दिएको सराप लागी लेम्कोको छिटै मृत्यु भयो ।

घले राजाले आफ्नो मन्त्रीको पए (अर्घुम) स्योले पच्युलाई गर्न लगाए । स्योले पच्युले आस्यौं क्वैंए बेगर प्ल (डुकुरो) बोल्ने हाँस्ने गरी गरेको पित्री कार्यद्वारा लेम्कोको आत्मा स्वर्ग तर्न नसकी मान्छेको टाउको र चराको शरीररुपी किरा बनी नरकबास भएको कुरा हिमालयबाट तपस्या सकेर फर्कंदै गरेका लामाहरुसंग किराले बिन्ति गरेपछि सो किरालाई बाँसको ढुंग्रोमा हालि घले राजालाई जानकारी गराए । घले राजाको स्वपनामा पनि लेम्को काजीको बेदना बारम्बार आइरहने भएको हुँदा ठिनी क्ह्यल्साबाट ख्ल्येप्री गुरुहरु झिकाई स्थानीय पच्यु सहित पुनः (पए) अर्धुम गर्न पठाए । आस्यौं टालो नपाए स्वर्ग जान नसक्ने कुरो ख्ल्येप्री गुरुबाट प्रष्ट भएपछि लेम्को काजीका श्रीमतीले आफ्नो बाउ आमासंग अलाप बिलाप गरी नाङलो भरी पैसा दिन्छु भने । त्यसपछि घट्टा

पुछ्ने टालो र घट्टाको जाँतोमा रहेको पिठो दिई पठाए । अर्घुम सम्पन्न गरे पश्चात् ढुंग्रोमा किरा नभएको र राजाले सपनामा देख्न पनि छाडेको हुँदा स्वर्ग तर्यो भन्ने पुष्टि भएकोले चेली माइती र मावलीको सम्बन्ध अति महत्वपूर्ण मानिन्छ । यही प्रथा २१औं शताब्दीमा पनि यथावत छ । यसको अनवरत संरक्षण संबर्द्धन गरी गुरुङहरुको पहिचान बनाई राख्न आवश्यक महसुस गरिन्छ ।

## २३. ज्याङपरको लागि आवश्यक सामग्रीः

१. मृतकको फोटो, प्रयोग गरेको कपडा र गरगहना ।
२. १० किलो उवाको पिठो, कार्किन घिउ ५ गोटा
३. ५ रंगको १/१ मिटर कपडा (निलो, हरियो, पहेंलो, सेतो, रातो) ।
४. ऋशाको लागि एउटा चरेसको थाल र एउटा काँचको बटुको र अलिकति तोरीको तेल ।
५. लावा वा भुट्नाको लागि १ माना जति धान ।
६. कुसुम र टटलाको फूल, फूल माला ।
७. कालो तिल, गोकुलधुप, शालधुप, सामान्य धुप, ऐना ।
८. पहेंलो वा सेतो कपडा ८ मिटर ।
९. २५ किलो चामल ।
१०. झन्डीको लागि ६ गोटा ८ फिट लामो निगाला ।
११. एक माना चामलको भात र मृतकलाई मन पर्ने खाना पिना र मृतकले प्रयोग गरेको भाँडोमा ।

१२. फलफूल, दुध र एक बोतल रक्सी ।
१३. छिकु ट वा फल फल्ने रुखको पात ।

स्मरण रहोस्: उपरोक्त सामग्रीहरु लामा धर्म गुरुहरुले मात्र प्रयोग गरेर गरिने कर्म काण्डको लागि हो । पच्यु र ख्ल्यप्री गुरुहरुलाई आवश्यक पर्ने सामग्री यहाँ उल्लेख गरिएको छैन ।

## २४. परम्परागत गुरुङ लामाद्वारा गरिने (पए) कर्मकाण्डको बिधिबिधानहरु:

गुरुङ परम्परागत लामाहरुले आफ्नो कर्मकाण्ड गर्दा पच्यु खेगिसंग मिलेर अर्घु गर्ने, अलँ (झन्डा) ठडयाउने, ह्वितेव गर्ने (अस्तु देखाउने), प्ल रोव (डुकुरो बुन्ने), थास्यो वावा (शुद्धिकरण गर्ने), च्यहु खु सी गर्न (पित्री बोलाउने), क्हो क्यु (पित्रीको प्रतिक भेंडा) थुक्यु पित्रीको साथीको प्रतिक भेंडा) खुवाउने र काट्ने, न्हम्से खुव सातो बोलाउने), रीँच्हमी ऋशा लब (छोरीबेटिले पित्रीलाई शुद्ध शुद्धि गर्ने), आस्यो (मावली)को भुमिका आदि गुरुङ संस्कार अनुरुप आफ्नो कर्मकाण्ड गरेको देखिन्छ ।

भोट अक्षरमा पनि नभएको खोँजे (हृदय पुकार) लमहरुले पढने गर्दछन् । यो पढदा लामा पच्यु क्ल्हेब्री सवैको एकै सुनिन्छ । अर्घु गर्दा, जग्गे थाल्दा, घरभित्र गर्ने परम्परा लमजुङ तर्फका लामाहरुले गर्दछन् । कास्की पर्वत स्याङजा तिरका लामाहरुले लामा बासमा छुटटै थालनी

गर्ने गर्दछ । भोलीपल्टमात्र आँगनमा समेत गर्ने गर्दछ । त्यस्तै जग्गे भित्तामा टाँसेर नगरी किलखोर बनाएर गर्ने । चारपाटे गर्ने । नौ तले गर्ने । न्हार सिठो मान्ने गर्दछ । यसमा न्हार भनेको नरक शि भनेको शान्त र ठो भनेको रौद्र अर्थात अशान्त मुद्रका देवताहरु भन्ने बुझाउछ ।

यसमा प्रतिकात्मक रुपमा बाघ, मान्छे, स्याल, गिद्ध, आदिको टाउको भएको १०८ पत्ताहरु टाँस्ने । चार दिशामा चार वटा थाङका टाँस्ने गरिन्छ । लामाहरुले पूर्वतिर आँङ फर्काएर जग्गे बसाल्ने र अगाडी पटि साङगे च्योम्देन्दे मारबिजय भगवान बुद्धको थाङका टास्ने । उत्तरतर्फ गुरुरिम्पोछेको चित्र अंकित थाङका टाँस्ने गर्दछन् । दक्षिण तर्फ देशे खोर्लो सम्बरको थाङका टाँस्ने । पश्चिमतर्फ पल यशे गोन्पो छ्याग चतुरवाहु महाँकालको थाङका टाँस्ने गर्दछन् । यस्तो पितृकार्य अर्घु तीन दिनको हुने गर्दछ । पए चुव, पए पाँव, पए लिव गरी तीन दिनमा र्अघु सम्पन्न गर्ने गर्दछन् । पहिलो दिनमा थालेर दोश्रो दिनमा आस्तु ल्याउने र तेश्रो दिनमा च्याङपर (क्हो, प्रतिक) बनाई नाम लेख्ने र प्ल भित्र र किलखोरभित्र हाल्ने गरिन्छ । तेश्रो दिनमा च्याङपर जलाई अर्घु सम्पन्न गर्ने परम्परा थियो ।

परम्परागत लामाहरु मध्येमा नार परम्पराबाट आएकाहरु लगभग लोपनै हुने अवस्थामा देखिन्छन । यिनिहरुमा बिषेश गरी कृष्ण लामा, मेघ बहादुर लामा कास्की तप्राङ सिक्लेसतिरका र लमजुङ, गोर्खा तिरका केही लामाहरुका पुस्ताहरु मात्र बाँकी छन् । उनिहरुको पे

(शास्त्र) उमे लिपिमा लिपिबद्ध भएको र सोही अनुरुप पढने बाचन गर्ने गर्दथे । आजभोली नेपालीमा उल्था गरी सोको प्रतिलिपि बाचन गर्ने गरेको पनि देखिन्छ ।

हिजो मुस्ताङ भोटमा गइ शिक्षा दिक्षालिएका कास्की स्याङजा तथा पर्वततिरका लामाहरु नार परम्पराका भन्दा तुलनात्मक रुपमा बढि भोट बज्रयानी परम्परा अनुरुप आफ्नो कर्मकाण्ड बिधिलाई परिमार्जन गरी सोही अनुरुपको शिक्षा तथा सामग्री प्रयोग गर्ने पे बाचन गर्ने गुरुङ परम्परागत लामाहरुमा पर्दछन् ।

लामाहरुले अर्घुको कर्मकाण्ड गर्दा, पच्यु खेगी पनि साथ साथै लिई गर्ने गरेको पाइन्छ । यसरी अर्घु गर्दा, पनि अलँ (झन्डा) ठडयाउने, ह्रितेव गर्ने (अस्तु देखाउने), प्ल रोव (डुकुरो बुन्ने, थास्यो वाबा (शुद्धि गर्ने), च्यहु खु गर्ने, न्हम्से खुव (सातो बोलाउन), रीँच्हमी (छोरीबेटीले) क्रशा (शुद्धि) गर्ने, आस्यो ज्वाइ (मावली र ज्वाइको भुमिका) चाहिने आदि गुरुङ संस्कार अनुरुप आफ्नो कर्मकाण्ड गरेको देखिन्छ ।

लामाहरुले लामा भाषामा मण्डल तयार गरी चारपाटे किलखोर बनाउने । गुरुरिन्पोछे, होपामे चेन्रसि र आ आफ्नो हिदमको थाङका झुण्डाउने । सुरुमा अष्टमंगलपाठ गर्ने । क्याब्डो त्रिरत्न शरणगर्ने । बुद्ध आह्वान, पितृ अह्वान, साङसेरक्याम गरी सर्म्पूण नागनागिनी, सिमेभुमे, अष्टसेनारुपी देवताहरुलाई अह्वान गर्ने पूजा गर्ने जस्ता नित्य कृया गर्दछन् । त्यसपछि गुरुरिन्पोछे पद्मसम्भवको

पूजा, सिठो पूजा, महाकाल, धर्मपाल, इष्टदेवता पूजा, पितृको पाप देशना पूजा, छ्रोग पूजा, गणचक्र पूजा र वेला बेलामा भार्दो अन्तराभव अर्थात मृतकको अल्मलमा परेको चित्तलाई सही दिशा लगाउने पाठ गरी राती क्रोधी अथवा शान्तबिधिमा च्यहुखु गर्ने । मृतकको सातो बोलाउने गरिन्छ । यसै गरी क्रमगत रुपमा मृतकको पुन्यको लागि च्योय पूजा गरिन्छ । यसमा आफ्नो शरीर समेत दान दिनेछु भन्ने प्रणिधान गरिन्छ । आमन्त्रित पितृलाई बेला बेलामा भोजन दान गर्ने, सोल्देव पाठ गर्ने मनि मोन्लाम पाठ गर्ने, गुरु रिन्पोछेलाई, प्रेत आदिलाई (छ्रोग) प्रसाद दान गर्ने, बेला बेलामा मृतकको नाममा भार्दो पाठ गर्ने अन्तिम चरणमा च्याङपर जलाउने । आँगनमा रहेको प्ल को वरिपरि घुमेर मिठो लयमा वार्दो पाठ गर्ने ।

अन्तमा आँगनमा भएको प्ल उठाई त्यहाँ मृतकको हंस वा चित्तआशक्ति नरहोस भनि केहिबेर नाच्ने गर्दछन् । अर्घुको अन्तिम दिन पश्चिमतिर अलँ प्ल लगेर फोरेर टसी मोन्लम गरी सेलाउने अथवा समापन गरिन्छ । यो कृया गरिसकेपछि मृतकको नाममा छोरी ज्वाई चेली, आस्यो, खेगीहरु आदिलाई दान दिइ पुन्यनुमोदन गरी अन्तमा, कर्ताले धन, सम्पत्ति र एश्वर्य बटुल्न याङखु पूजा गरिन्छ । आर्घौ (पए) समापन भएपछि तत्कालै यो पूजा गर्न आवस्यक मानिन्छ । पूजा गरेको भोलिपल्ट एक दिन घर बार्नु पर्छ । यो चलन गुरुङको मौलिक संस्कार हो ।

## २५. उपसंहार:

प्रारम्भिक गुरुङ समाज खेगी, पैडी र चोगी (पुरेत, ज्योतिष र भलाद्मी) मिलि बनेको एउटा सम्बृद्ध समाज हो । गुरुङ भाषा संस्कृति र धर्म तत्कालिन भद्र भलादमी (मिग्रे चोगा)ले कार्य बिभाजन गरिदिए अनुरुप पच्यु, क्हेब्री र लामा खेगीहरुले आ-आफ्नो कर्मकाण्ड गरी सम्बृद्ध बनेको हो । प्रारम्भिक लम लामा बिद्या मनाङको नारफुमा सिकेर आइ गुरुङ संस्कारमा ढालेको देखिन्छ ।

बसाइँ सराइको क्रममा पश्चिमतर्फ लागेका गुरुङहरुले पछिल्लो क्रममा मुस्ताङमा गइ लम लामा बिद्या सिकेर भोट बौद्ध संस्कृतिलाई अलि बढि अंगिकार गरेको देखिन्छ । यही क्रमले निरन्तरता पाउदा, परम्परागत गुरुङ लामाहरुले हिजो आफुहरुले गरेका कर्मकाण्डमा समयसंगै परिवर्तन गर्दै, गुरुङ संस्कार भन्दा गुरुङले मान्ने बौद्धधर्म तिब्बती बौद्धधर्मको नजिक भएकोले तिब्बती गुरुचेला प्रथा अनुरुप मान्दा गुरुङ संस्कारमा ह्रास आएको देखिन्छ ।

अर्को गोर्खा लमजुङ र मादी मर्स्याङदी वरपरका लामाहरु जो नारबाट दिक्षा लिएका थिए, तिनीहरुमा पुस्तान्तरण हुन नसकी गुरुचेला प्रथा टुटन गएको अवस्था देखिन्छ । क्होलमा बिकास भएको हिजोको पच्यु र क्हेब्रीसंगै कर्मकाण्ड गर्दै हिडदा, लामाहरुमा अद्यावधिक ज्ञान र सीप बिकास हुन नसकेको देखिन्छ । आफुले पढने शास्त्र (पे) समेत राम्ररी ब्याख्या र सार बुझन नसक्दा

क्होक्यु  थुक्यु जस्ता बलि प्रथा अभ्यास गर्दा, बोन लम हो भन्ने आक्षेप खेपी रहेको अवस्था छ । तिब्बती बौद्ध परम्परामा पनि यस्ता बलि प्रथा नभएका हैनन् । तर, यो गलत अभ्यास हो भनि धेरै अगाडीनै यसलाई मानिसको क्रोधिचित्तको प्रतिक मानेर कर्मकाण्डमा तोर्मा (कैदु) बनाई बलि दिने गर्दछन् ।

यसरी हाम्रा लामाहरु मध्ये एकथरि आफुलाई समयनुसार अद्यावधि गर्न नसकेको अवस्था रहेको पाइन्छ भने, हिजोका आफ्नो उमे शास्त्रिय लिपी र भाषा बिकास र सर्म्बद्धन गर्न पनि नसकेको अवस्था देखिन्छ । अर्कोपक्ष भनेको आधुनिक युगमा गोन्पा शिक्षाबाट ज्ञान हासिल गरी आफ्नो संस्कार संस्कृति भन्दा, तिब्बती संस्कृति प्रति बढि मोह राख्दा, हाम्रा अर्काथरि बोनवादी पच्यु र क्हेब्री खेगीहरुले गोन्पा शिक्षाका लामाहरुले तिब्बतीकरण गर्यो भन्ने आक्षेप लगाई रहेका छन् । यतिमात्र हैन, हिजोआज बोन धर्मालम्बि हौ भनि हाम्रै बीच बुद्धको नामै लिन नचाहने केही पक्षधरहरु पनि देखिन्छन् । हिजो क्होलसोप्रे ट्होमा हुँदा, हाम्रा खेगीहरुबीच कति राम्रो सदभाव थियो ? तर, आज यो सदभाव र सहिष्णुतामा बिचलन आइरहेको स्पष्ट देखिन्छ । यसले गुरुङ एकतामा कहिल्यै टेवा पुरयाउदैन र कसैको भलो पनि गर्दैन । कुनै पनि परम्परा धर्मको रुपमा स्थापित हुनका लागि, त्यसमा आफ्नो मौलिक दर्शन, शील सदाचार र त्यसको प्रर्वतक हुनु पर्दछ । दर्शन बिनाको धर्मले मुक्ति दिलाउन सक्दैन । हिजोको

क्होलसोप्रे ट्होबाट बिकास भएको तमू (पेल्हु) धर्म र संस्कृतिनै गुरुङ जातिको बास्तविक पहिचान हो । त्यसैले लोपोन्मुख अवस्थामा रहेको परम्परागत गुरुङ लामाको धार्मिक तथा संस्कारिक पक्षको उत्थान र बिकास गर्न अति अवश्याक देखिन्छ ।

यसै विषयलाई मध्य नजर राख्दै, तमू बौद्ध सेवा समितिका केही पदाधिकारी तथा देश बिदेशका शुभचिन्तकहरुबीच कोरोना कहरको समयमा जूम सम्बाद गरी गुरुङ संस्कार र संस्कृतिमा आधारित बौद्धधर्म गुरुङ बुद्धिजम विषयक प्रर्बद्धनात्मक अभियान सुरु गरिएको थियो । यसमा गुरुङ संस्कार र संस्कृति अनुरुप बौद्ध चाडपर्व देखि लामाले गर्ने मृत्यु संस्कार, लामाले गर्ने जीवन संस्कारमा बिबाह कर्म गर्नेदेखि लिएर शिशुको बौद्ध नामाकरण गर्ने भन्ने बारे पैडी अर्थात ज्योतिषशास्त्रको भुमिका बारेमा गहन छलफल भएको थियो । गुरुङ बुद्धिजम भन्ने नाम सुन्दा, बुद्धधर्मलाई बृहत गर्नुको सट्टा जातियतामा सिमित गर्न खोजेको भन्ने आशय पनि लाग्न सक्दछ । तर यो बिलकुल हैन । यो गुरुङ जातिमा देखिएको बिचलनबाट कोहि हिन्दु, इसाई, बोन तथा कोहि बौद्धमा पनि यो र त्यो भन्ने प्रश्नले उब्जाएको आन्तरिक विषय हो । यस विषयमा म्हिक्रेचोगहरु बसेर बृहत छलफल गरी एउटा बटम लाइन तयार गर्न सक्यो भने, यसले आफ्नो संस्कार र संस्कृतिमा आधारित बौद्ध धर्ममा अपनत्व ग्रहण गराउन सक्दछ । हिजो बौद्धधर्म श्रीलंका पुग्यो । श्रीलंका

बौद्धधर्मको रुपमा चिनियो । काठमाण्डौ उपत्यकामा संस्कृत भाषामा प्रारम्भिक बज्रयानको रुपमा आइपुग्यो । त्यसलाई नेवार बौद्धधर्मको नामले चिनियो । त्यही प्रारम्भिक बज्रयान र महायान मिलेर तिब्बतमा तिब्बती लामा बौद्धधर्म बनेको छ । तिब्बती लामा बौद्धधर्मलाई आफ्नो पनामा ढालेर मानेको बौद्धधर्म नै गुरुङ बौद्धधर्म अर्थात 'गुरुङ बुद्धिजम' हो । यो नै सबै अटाउने थलो हो । साझा चौतारी हो । महासुख हो । मध्यममार्ग हो । शून्यता र प्रज्ञोपाय हो ।

गुरुङ बुद्धिजममा आधारित मृत्यु संस्कार र पितृकार्य (पए)को प्रस्तावित मस्योदा कस्तो लाग्यो ? बिद्धान पाठक-हरुको उत्कृष्ट प्रतिकृया, सल्लाह र सुझाव अनुसार यो मस्योदालाई परिमार्जन गर्दै लगिनेछ । लेखकद्धय ।